# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १४७ | काठमाडौं | बिहीबार, ०१ असोज २०८३ | Prabhab National Daily | Thursday, 17 September 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


# कृष्णभीरको नयाँ ट्र्याकमा चल्यो दुईतर्फी सवारी

■ १८ दिनपछि हट्यो पृथ्वी राजमार्गको अवरोध ■ उपत्यकाको आपूर्ति सहज हुने अपेक्षा

- भदौ १० गते त्रिशूली नदीमा आएको बाढीले सडकमुनिको भाग कटान गर्दा १४ गते सडक भासिएको थियो
- कृष्णभीरको पहाड काटेर २५० मिटर लामो नयाँ ट्र्याक निर्माण
- नयाँ ट्र्याक बुधवार रातिदेखि पूर्णरूपमा सञ्चालन
- सडक खुले पनि सावधानी अपनाएर यात्रा गर्न जिल्ला प्रशासन कार्यालय धादिङको आग्रह

■ प्रभाव संवाददाता


तस्बिर: सामाजिक सञ्जालबाट

**काठमाडौं–** कृष्णभीरको पहिरो खसेर अवरुद्ध बनेको पृथ्वी राजमार्ग दुईतर्फी रूपमा सञ्चालनमा आएको छ। नागढुंगा-मुग्लिन खण्डमा पर्ने यो सडक भोटेकोशी नदी हुँदै त्रिशूलीमा आएको बाढीका कारण भासिएको थियो।

भदौ १० गते आएको बाढीले सडकमुनिको भाग कटान गर्दा १४ गते सडक भासिएको थियो। त्यसपछि कृष्णभीरको पहाड काटेर २५० मिटर लामो नयाँ ट्र्याक बनाइएको र उक्त ट्र्याक बुधवार रातिबाटै पूर्णरूपमा सञ्चालनमा आएको हो।

धादिङ जिल्लाका प्रमुख जिल्ला अधिकारी लक्ष्मी पाण्डेयले बुधवार साँझ निर्माण पूरा भएकोले सडक खुला भएको बताइन्। 'हामीले बुधवार राति साइट हेर्‍यौं। निर्माण पूर्णरूपमा सम्पन्न भएको छ। अब सवारी ढुक्कले दुईतर्फी नै सुरु भएको छ,' प्रमुख जिल्ला अधिकारी पाण्डेयले प्रभावसँग भनिन्।

यद्यपि पूर्णरूपमा भने आज बिहानदेखि मात्र सुरु हुने उनले बताइन्। सडक भासिएपछि पूर्णरूपमा अवरुद्ध बनेको सो राजमार्ग यही भदौ १८ गतेदेखि नजिकै रहेको ढिस्कोलाई काटेर नयाँ ट्र्याक खोलिएको हो।

नागढुंगा-मुग्लिन सडक योजना (पश्चिम खण्ड)का इञ्जिनियर धिरज ढकालले बुधवार साँझसम्ममा सबै काम सकिएको बताए। 'साँझसम्ममा धेरै काम सकियो। स्थानीय बेनिघाट रोराङ गाउँपालिकाले सडकमा 'फ्लडलाइट' जडान गर्दै छ। यससँगै रातिमा सवारी सञ्चालन गर्न सहज हुने छ,' ढकालले भने।

पूर्वाधार विकास मन्त्रालयले जारी गरेको सूचनामा आज (बिहीबार) बिहान ६:०० बजेदेखि पूर्णरूपमा यातायात सञ्चालन गरिने जनाइएको छ। नदी कटानबाट करिब १०० मिटर सडक क्षतिग्रस्त भई यातायात अवरुद्ध भएकोमा मन्त्रालयले आवश्यक जनशक्ति, उपकरण तथा स्रोतसाधनको अधिकतम परिचालन गरी नयाँ ट्र्याक निर्माण तथा सडक पुनःस्थापनाको कामलाई अन्तिम चरणमा पुर्‍याएको सूचनामा जनाइएको छ।

सडक विभागका महानिर्देशक डा. विजय जैसीकाअनुसार बाढीपहिरोपछि उत्पन्न समस्या समाधान गर्न भूगर्भविद्, जियोटेक्निकल विज्ञ तथा सडक निर्माणमा अनुभवी प्राविधिकसँग आकस्मिक छलफल गरी तत्काल आधारभूत डिजाइन तयार पारिएको थियो। भदौ १९ देखि प्राविधिकसहित दैनिक ५० जनाले निरन्तर १२ देखि १६ घण्टासम्म काम गरेर सडक तयार पारेको उनले बताए।

'बाढी आएको पहिलो दिन ठूलो क्षति देखिएको थिएन। तर दोस्रो र तेस्रो दिन खोलाले सडकतर्फ कटान गर्न थालेपछि कृष्णभीरलगायत विभिन्न स्थानमा समस्या देखिन थाल्यो,' जैसीले भने। कृष्णभीरमा यसअघि पनि पहिरोको समस्या देखिँदै आएको उल्लेख गर्दै उनले पुरानो सपोर्टिङ टो-वाल खोलाले बगाएपछि यसपटक थप जोखिम सिर्जना भएको बताए।

क्रमशः पृष्ठ २ मा



> कृष्णभीरको नयाँ सडक बनेको ठाउँमा हामी बुधवार राति साइट हेर्न पुग्यौं । निर्माण पूर्णरूपमा सम्पन्न भएको छ । अब सवारी ढुक्कले दुईतर्फी नै सुरू हुन्छ ।
>
> **लक्ष्मी पाण्डेय**
> प्रमुख जिल्ला अधिकारी, धादिङ

# पारदर्शिताको जनादेश, अपारदर्शी शासन !

■ जेबी योञ्जन




**काठमाडौं–** पारदर्शिता, सुशासन र जवाफदेहिताको एजेण्डासहित गत वर्ष भएको जेन-जी विद्रोहको जनादेशमा गठित वालेन्द्र शाह नेतृत्वको सरकारलाई अपारदर्शी बनेको आरोप लागेको छ। प्रतिपक्षी दलहरूले बारम्बार वालेन्द्र सरकारलाई पारदर्शी र जवाफदेही बन्न दबाब दिने गरेका छन्। तर, प्रधानमन्त्री शाहले भने बेवास्ता गरिरहेका छन्।

बुधबार प्रतिनिधिसभा बैठकमा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सचेतक निश्कल राईले जेन-जीसँगै अन्य विभिन्न छानविन प्रतिवेदन सार्वजनिक नगरेको भन्दै आलोचना गरे। उनले प्रतिवेदनले औंल्याएअनुसार दोषीलाई कारबाही गर्नुपर्ने बताए।

'यो सरकार त्यो (जेन-जी) प्रतिवेदन कार्यान्वयन गर्न उत्सुक छ कि छैन ?,' उनले भने, 'निर्दोषलाई न्याय दिनुपर्छ। दोषीलाई कानुनअनुसार कारबाही गर्नुपर्छ।'

उनले भदौ २३ र २४ का घटनामा भएका मानवअधिकार उल्लंघन, त्यसपछिका आगजनी, तोडफोड, हिंसात्मक तथा आपराधिक घटनाको सत्य, न्याय र जवाफदेहिता टार्न नमिल्ने बताए। तर, राजनीतिक आवरणमा आपराधिक गतिविधिमा संलग्न कसैलाई संरक्षण गर्न नहुने पनि बताए। 'न्याय न राज्यको पक्षमा हुन्छ, न सरकारको, न प्रतिपक्षको पक्षमा। न्याय सधैं नागरिकको पक्षमा हुन्छ,' उनले भने।

जेन-जी विद्रोह भएको एक वर्ष बित्यो। विवादास्पद पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको छानविन आयोगले अपूर्ण र अविश्वसनीय प्रतिवेदन सरकारलाई बुझायो। यो प्रतिवेदन वालेन्द्र सरकारले सार्वजनिक गरेको छैन। गोप्य राखेको छ।

### सार्वजनिक नभएका प्रतिवेदन

- जेन-जी विद्रोहसम्बन्धी कार्की आयोगको प्रतिवेदन
- जेन-जी विद्रोहसम्बन्धी थापा आयोगको प्रतिवेदन
- गृहमन्त्री सुधन गुरूङमाथिको छानविन प्रतिवेदन
- अर्थमन्त्री स्वर्णिम वाग्लेको बिवाइडी प्रकरणको छानविन प्रतिवेदन
- कप्तानगञ्ज धार्मिक तनावसम्बन्धी प्रतिवेदन
- गणेश नेपाली आत्मदाह घटनासम्बन्धी छानविन प्रतिवेदन

> यो सरकार त्यो (जेन-जी) प्रतिवेदन कार्यान्वयन गर्न उत्सुक छ कि छैन ? निर्दोषलाई न्याय दिनुपर्छ । दोषीलाई कानुनअनुसार कारबाही गर्नुपर्छ ।
>
> **निश्कल राई**
> सचेतक, नेपाली कांग्रेस

राष्ट्रिय मानवअधिकार आयोगले लिली थापाको नेतृत्वमा गठन गरेको प्रतिवेदनको पनि संक्षिप्त अंशमात्रै सार्वजनिक भएको छ। पूर्णप्रतिवेदन सार्वजनिक गर्न सरकारले चाहेको छैन। दुवै प्रतिवेदन सार्वजनिक नगरेर वालेन्द्र सरकारले अपारदर्शी चरित्र देखाएको भन्दै आलोचना भइरहेको छ।

गत भदौ २३ गते नागरिक अगुवाहरूले कार्की र थापा आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गरेका थिए। त्यसअघि जेन-जी अभियन्ताहरूले पनि सोही माग गरे। सरकार प्रतिवेदनहरू सार्वजनिक गर्न तयार छैन।

यतिमात्रै होइन, गृहमन्त्री सुधन गुरुङको शंकास्पद सेयर कारोबारको छानविन प्रतिवेदन पनि सरकारले लुकाएको छ। तर, प्रधानमन्त्री शाहले भने प्रतिवेदनले उनलाई सफाइ दिएको भन्दै फेरि गृहमन्त्री बनाए।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# सीप तथा रोजगार मेला आयोजना गर्दै श्रम मन्त्रालय

## बाध्यात्मक वैदेशिक रोजगारी न्यूनीकरण गर्ने अपेक्षा

> मुलुकमा रोजगारीको अवसर पाएपछि स्वाभाविकरूपमा युवाहरु विदेशिने ट्रेण्डमा कमी आउँछ । हुन त आफ्नो इच्छाले जान चाहनेहरु गई नै हाल्नुहुन्छ । तर मेलाले बाध्यात्मक वैदेशिक रोजगारीलाई न्यूनीकरण गर्न सघाउने देखिन्छ ।
>
> **मीरा आचार्य**
> प्रवक्ता, श्रम मन्त्रालय

■ प्रभाव संवाददाता




**काठमाडौं–** युवा, श्रम तथा रोजगार मन्त्रालयले सीप तथा रोजगार मेला आयोजना गर्ने भएको छ। स्वदेशमै रोजगारीको अवसर विस्तार र श्रम बजारको मागअनुरूपका जनशक्ति तयार पार्ने उद्देश्यले मेला आयोजना गर्न लागिएको जनाइएको छ। जसबाट वैदेशिक रोजगारीमा जाने युवाहरूको संख्या पनि नियन्त्रण हुने अपेक्षा गरिएको छ।

पछिल्लो समय नेपालबाट प्रत्येक वर्ष करिब आठ लाख युवा रोजगारीको खोजीमा विदेशिएको तथ्यांक छ। मुलुकबाट दैनिक दुई हजारभन्दा बढी युवा श्रम स्वीकृति लिएर विभिन्न मुलुकमा जाने गरेका छन्। यहाँ रोजगारी नपाइने र पाए पनि त्यसबाट जीवनयापन गर्न नसकिने हुँदा परदेशिन बाध्य भएको युवाहरूले बताउने गरेका छन्। नेपालका करिब ११ देखि १२ प्रतिशत युवा बेरोजगार रहेको सरकारी अध्ययनले देखाउँछ। मुलुकमा पर्याप्त आन्तरिक रोजगारी सिर्जना हुन नसक्दा यस्तो अवस्था आएको विज्ञहरूले बताउने गरेका छन्।

मन्त्रालयले गर्ने कार्यक्रमले बेरोजगार युवालाई सीपयुक्त बनाएर बजारको मागसँग जोड्ने जनाइएको छ। साथै, युवाहरू बेरोजगार भएर रोजगारीको खोजीमा विदेशिनुपर्ने बाध्यतालाई यो कार्यक्रमले नियन्त्रण गर्ने मन्त्रालयकी प्रवक्ता मीरा आचार्यले बताइन्।

'युवाहरू बेरोजगार नहोउन् र उद्योग, व्यवसाय गरिरहेकाहरूले पनि मागअनुसारको जनशक्ति पाउन् भनेर कार्यक्रम सञ्चालन गर्न लागिएको हो,' उनले भनिन्, 'मुलुकमा रोजगारीको अवसर पाएपछि स्वाभाविकरूपमा युवाहरू विदेशिने ट्रेण्डमा कमी आउँछ। हुन त आफ्नो इच्छाले जान चाहनेहरू गई नै हाल्नुहुन्छ। तर मेलाले बाध्यात्मक वैदेशिक रोजगारीलाई न्यूनीकरण गर्न सघाउने देखिन्छ।'

मन्त्रालयका अनुसार उद्योगी तथा व्यवसायीहरूसँग आगामी पाँचदेखि छ महिनामा आवश्यक जनशक्तिको मागसम्बन्धी जानकारी संकलन गरिने छ। जसको आधारमा युवाहरूलाई सीप सिकाएर आवश्यक जनशक्ति तयार पारिने छ। यसले रोजगारदाताको माग र युवाहरूको सीपबीचमा हुने बेमेलको अन्त्य गर्ने जनाइएको छ। मेलामा कृषि, नयाँ प्रविधि, कृत्रिम बौदिकता (एआई) र डिजिटल सीपसम्बन्धी कार्यस्थलमा आधारित तालिम दिएर सीधै रोजगारी दिने जनाइएको छ। मेलाले युवाहरूलाई विगतको जस्तो परम्परागत तालिममा नभई समयसापेक्ष सीप प्रदान गर्दै रोजगारी दिने देखिन्छ।

क्रमशः पृष्ठ २ मा


## संविधान दिवस भव्यरूपमा मनाऔं

* संविधान देशको मुल कानून हो,
* नेपालको संविधानको मूल्य, मान्यता र सिद्धान्तको सबैले सम्मान र पालना गरौं,
* नेपालको संविधान जारी भएको दिन असोज ३ गते राष्ट्रिय उत्सवका रुपमा मनाऔं,
* संविधानप्रदत्त मौलिक हक र अधिकारसँगै कर्तव्य पनि जिम्मेवारीपूर्वक पूरा गरौं,
* संविधानले सुनिश्चित गरेका समानता, स्वतन्त्रता, सामाजिक न्याय र समावेशिताको सम्मान गरौं,
* विधिको शासन, लोकतन्त्र, गणतन्त्र र संघीयताको सुदृढीकरणमा योगदान गरौं ।

**संविधानको प्रभावकारी कार्यान्वयनमार्फत सुशासन र समृद्धिको आधार बलियो बनाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## पृष्ठ १ बाट क्रमशः

## कृष्णभीरको नयाँ...

बाढीपहिरोपछि पृथ्वी राजमार्गको दीर्घकालीन अलाइनमेन्ट परिवर्तन गर्नुपर्ने अवस्था नरहेको महानिर्देशक जैसीले बताए । यद्यपि पछिल्लो विपद्ले वैकल्पिक सडकको आवश्यकता थप स्पष्ट पारेको उनी बताउँछन् ।

कृष्णभीरमा सवारी सञ्चालन भएसँगै नारायणगढ-मुग्लिन सडकखण्डको तुइन खोलामा आंशिक रोकिएका सवारीसाधन पनि गन्तव्यतर्फ छुट्ने छन् । पृथ्वी राजमार्गको नागढुंगा-मुग्लिन खण्डमा पर्ने कृष्णभीरमा पहिरो खसेपछि १३ दिन लगाएर सडक बनाइएको हो । सडक विभाग र नेपाल जियोटेक्निकल सोसाइटीका प्राविधिकले चार दिनसम्म अध्ययन गरी पहिरो गएको स्थान माथि नयाँ बाटो बनाउन सुझाव दिएका थिए ।

सडकमा भदौ २८ गते परीक्षणका रूपमा ग्यास बुलेटसहित केही सवारीसाधन सञ्चालन गरिएकामा त्यसयता बिहान र बेलुका अत्यावश्यक यातायातका साधनको आवतजावत भइरहेको छ । ग्राभेल गर्नुका साथै नाली निर्माण गरेर सडकलाई मजबुत बनाइएको मन्त्रालयको भनाइ छ । कृष्णभीरको बाटो बन्द हुँदा काठमाडौं उपत्यकामा आपूर्ति व्यवस्था असहज बनेको थियो ।

सडक विभागले बेत्रावती हुँदै धुन्चे-स्याफ्रुबेँसी सडकलाई करिब दुई साताभित्र जोड्ने लक्ष्यसहित काम अघि बढाएको छ । रसुवा, नुवाकोट र धादिङका जनप्रतिनिधिले यसअघि प्रधानमन्त्री वालेन्द्र शाहसँगको भेटमा चाँडो सडकमार्ग खुलाउन माग गरेका थिए ।

जैसीका अनुसार स्याफ्रुबेँसीपछि रसुवागढीसम्म सडक जोड्न स्याफ्रुबेँसीमा ल्याइने बेलीब्रिजसमेत प्रयोग गरिने छ । बेत्रावतीमा बेलीब्रिज राख्ने तथा बेत्रावतीतर्फको ठूलो भीरमा भइरहेको काम सम्पन्न भएपछि रसुवातर्फको सडकलाई थप प्राथमिकताका साथ अघि बढाइने उनले बताए । रसुवागढीतर्फको दीर्घकालीन सडक कुन तहबाट र कति लगानीमा निर्माण गर्ने भन्ने विषयमा प्राविधिक अध्ययन गरिने विभागले जनाएको छ । यसमा चीनसँगको सरकारको नीतिसमेत जोडिने जैसीले बताए ।

नयाँ ट्र्याक सञ्चालनमा आएसँगै पृथ्वी राजमार्गमा बाढीपहिरोका कारण देखिएको लामो समयदेखिको यातायात अवरोध हट्ने र यात्रु तथा मालवाहक सवारीसाधनलाई सहज हुने अपेक्षा गरिएको छ । तर नयाँ सडक पहिरो प्रभावित क्षेत्रभन्दा माथिबाट निर्माण गरिएकाले वर्षा तथा भू-क्षयको जोखिमलाई ध्यानमा राख्दै सतर्कतापूर्वक सवारी सञ्चालन गर्नुपर्ने झण्झट भने टरेको छैन ।

■■■

## पारदर्शिताको ...

मंगलबार प्रतिनिधिसभामा कांग्रेसकै सांसद नरेन्द्रकुमार केरुङले गृहमन्त्री गुरुङको सम्पत्ति, सेयर लगानी तथा विवादित व्यवसायीसँगको सम्बन्धबारे उठेका प्रश्नको छानविन गर्न सरकारले गठन गरेको समितिको प्रतिवेदन संसद् र जनतासामु सार्वजनिक गर्नुपर्ने माग गरे ।

गुरुङको सेयरबारे छानविन पूर्वन्यायाधीश अच्युतप्रसाद भण्डारीको नेतृत्वको तीन सदस्यीय टोलीले गरेको थियो । समितिले ४५ पेजको प्रतिवेदन प्रधानमन्त्री वालेन्द्रलाई बुझाएको थियो । तर, अझैसम्म प्रतिवेदन सार्वजनिक गर्न वालेन्द्र सरकारले आनाकानी गरिरहेको छ ।

यस्तोमा सांसद केरुङले प्रतिवेदन सार्वजनिक नगर्नुलाई सरकारको अपारदर्शी चरित्र उदाङ्गो भएको भन्दै आलोचना गरेका छन् ।

वालेन्द्र सरकारले लुकाएको अर्को छानविन प्रतिवेदन अर्थमन्त्री डा. स्वर्णिम वाग्ले मुछिएको बिवाइडी गाडी प्रकरण हो । देशलाई दुई अर्ब रूपैयाँ राजस्व गुम्नेगरी सीमित व्यापारीलाई करको दरसम्बन्धी सूचना चुहाएको आरोप गत मध्य जेठमा लागेको थियो । लगत्तै त्यस प्रकरणको छानविन गर्न समिति बन्यो । तर, अहिलेसम्म उक्त प्रतिवेदन वालेन्द्र सरकारले दराजमै थन्क्याएको छ । यता सरकारले भने उनी चोखो देखिएको ठहर गरेको छ ।

जेन-जी अभियन्ता सरिष्मा थापाले प्रभावसँग भनिन्, 'जेन-जीहरू सडकमा आएको रवि, वालेन्द्र र सुधनलाई सत्तामा पुऱ्याउन त होइन । उनीहरू त सुशासन, पारदर्शिताका लागि आएका थिए । तर, जेन-जीदेखि सबै प्रतिवेदन लुकाएर सरकार अपारदर्शी बन्यो । यो जेन-जी भावनाको विरोधी कदम हो ।'

छानविन प्रतिवेदन लुकाउन नभई सार्वजनिक गरेर घटनाबारे सत्य तथ्य अवगत गराउन तयार गराइन्छ । तर, अघिल्ला सरकारहरूले जसरी वालेन्द्र सरकारले पनि छानविन प्रतिवेदनहरू लुकाइरहेको छ ।

मल्लिक आयोग, रायमाझी आयोग र लाल आयोगका प्रतिवेदनहरू पनि सरकारले सार्वजनिक गरेको छैन । जबकि, यी प्रतिवेदनहरूले घटेका घटनाहरूबारे के औंल्याए र सरकारलाई के सिफारिस गरे ? कसैलाई थाहा छैन ।

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद रञ्जु दर्शनाले भने सरकारले आफूलाई उपयुक्त लागेको समयमा प्रतिवेदन सार्वजनिक गर्न सक्ने बताउँछिन् । 'छानविन प्रतिवेदन लुकाउन हुँदैन, सार्वजनिक गर्नकै लागि तयार गरिन्छ, त्यसो हुनाले सरकारले बुझेका प्रतिवेदनहरू ठीक समयमा सार्वजनिक गर्ला नै,' उनले भनिन् ।

वालेन्द्र सरकारले गत साउनको १० गते सुनसरीको कप्तानगञ्जदेखि फैलिएको धार्मिक तनावको क्रममा भएको जनधनको क्षतिबारेको छानविन प्रतिवेदन पनि सार्वजनिक गरेको छैन । मुगुका गणेश नेपालीको आत्मदाह घटनाबारे सत्यतथ्य पत्ता लगाउन गठित छानविन समितिको पनि प्रतिवेदन सार्वजनिक भएको छैन ।

■■■

## सीप तथा...

मेला आयोजनाको विषयमा श्रममन्त्री रामजी यादव इटहरीमा आयोजित कार्यक्रममा सहभागी भई निजी क्षेत्रसँग व्यापक छलफल गरेको जनाइएको छ । सहभागी निजी क्षेत्रका प्रतिनिधिहरूले कार्यक्रमलाई लिएर आफूहरू सकारात्मक रहेको र आवश्यक सहकार्य गर्न तयार रहेको बताएको मन्त्रालयको भनाइ छ ।

मन्त्रालयले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा २०८३/८४ देखि २०९२/९३ लाई रोजगार प्रवर्द्धन दशक घोषणा गरेको थियो । सोहीअनुरूप मेला आयोजनाको तयारी भइरहेको छ । हाल सरकारको नेतृत्व गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले चुनावी बाचापत्रमा समेत विश्वव्यापी श्रमबजारमा आएको परिवर्तनलाई आत्मसात् गर्दै स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्ने जनाएको थियो । जसमा 'रिमोट वर्क', डिजिटल रोजगारीजस्ता अवधारणा अघि सार्दै श्रमिक नभई सेवा निर्यात गर्ने परिपाटी स्थापित गर्ने वाचा गरेको थियो । रास्वपाले पाँच वर्षमा २५ लाख रोजगारी सिर्जना गर्ने भनेको छ । सीप तथा रोजगार मेलाले सफलता पाए बाचापत्रमा घोषणा गरिएका योजनाहरू केही हदसम्म पूरा हुने देखिन्छ ।

मन्त्रालयले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान (एनएभिटी) र निजी क्षेत्रसँगको सहकार्यमा कार्यक्रम आयोजना गर्ने जनाएको छ । कार्यक्रम कोशी प्रदेशको इटहरीबाट सुरु भइ अन्य प्रदेशमा विस्तार गर्दै लगिने जनाइएको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०६८/०९/०६ मा दर्ता भएको **प्रा. लि. नं. ८८९१५** को **अर्गानिक कमर्सीयल फार्मिङ ट्रेनिङ प्रोग्राम एण्ड लाइभस्टक फर्म**नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेजीमा कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### दफा १३६ (१) दर्ता खारेजी-२ सम्बन्धमा

यस कार्यालयमा मिति २०७३/०४/२४ मा दर्ता भएको **श्री शैलेश्वरी इन्जिनीयरिङ्ग कन्सल्टेन्सी (प्रा.लि. नं. १५३४९४)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७२/०९/०१ मा दर्ता भएको **प्रा. लि. नं. १४२६५६** को **ट्रेडेला फुड कर्न्सन प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/३१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

### कम्पनी दर्ता खारेजी सम्बन्धी ३५ दिने सुचना

यस कार्यालयको मिति २०६८/०७/१७ मा दर्ता कायम भएको कम्पनी **ठमेल कार्गो प्रा.लि.**(प्रा.लि.नं.८७४५१/२०६८/०६९) नामक कम्पनीले दर्ता खारेज गरी पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनी सँग कसैको लिन, दिन, तिर्नु बुभाउनु पर्ने दायित्व भए स-प्रमाण हक दावीको लागि ३५ दिन भित्र सम्बन्धित कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा दर्ता नियमाअनुसार खारेज गरिने छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८२/०१/३० मा दर्ता भएको **प्रा. लि. नं. ३६६५३२** को **ग्राउण्ड वाटर म्यानेजमेन्ट प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/३१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/०१ गते**

यस कम्पनीको मिति २०८३/०५/२० को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **वर्दान आई.भि.अफ.दाङ प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०५/२६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **वरदान क्लिनिक दाङ प्रा.लि. (प्रा.लि.नं. ३९०४४२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### दफा १३६ (१) दर्ता खारेजी-१ सम्बन्धमा

यस **श्री मिडिया लेखपत्र नेटवर्क प्राइभेट लिमिटेड** (२८५५८०) नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### विशेष दर्ता खारेजी सम्बन्धी ३० (तीस) दिने सूचना

यस कार्यालयमा मिति २०७७।१२।२५ मा दर्ता भएको प्रा.लि.नं. २६१५३२ को **वी केयर फस्ट (मु. ना. वितरण नगर्ने)** (सम्पर्क: ९८५१००६२२१) नामक कम्पनीले दफा १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊं भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३० (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

### जि.ए.एन.एस एण्ड कम्पनी प्रा.लि.को खारेजी लिक्वीडेसन सम्बन्धमा हकदावी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना !

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०४/२२ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **जि.ए.एन.एस एण्ड कम्पनी प्रा.लि. (प्रा.लि.नं.१६७९९२/०७३/०७४)** लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी ऐन २०६३ को दफा नं.१२६ बमोजिम मिति २०८३/०५/३० गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने ऋण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन**भित्र यस लिक्वीडेटरको कार्यालय प्यूरालिष्ट लिगत क्लिनिक अनामनगरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**लिक्वीडेटर सन्तोष राना मगर**
**ईजाजत नं.१६५**
**मो.नं.९८४१५२७४२२, ९८१३२४४६५५**

---

### एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति: २०८३/०६/०१

यस बैंकका निक्षेपकर्ता श्री शोभाखर रेग्मीको नाति, श्री भोलानाथ रेग्मीको छोरा, कपिलबस्तु जिल्ला, बुद्धभुमी नगरपालिका वडा नं. १ बस्ने श्री **राम प्रसाद रेग्मी** (ना.प्र.नं. ४, जारी मिति २०३३/०८/१३, कपिलवस्तु) को मिति २०८३/०१/२८ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको पत्नी कुमारी रेग्मीले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतककपक पत्नी कुमारी रेग्मीको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

### श्री नेपाल बोर्डस लिमिटेड
**वार्षिक साधारणसभा सम्बन्धी सूचना**

मिति २०८३।०५।२५ को संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको अट्ठाईसौं, उनान्तीसौं, तीसौं र एकतीसौं वार्षिक साधारण सभा मिति २०८३ असोज २२ गते, विहान ११:०० बजे, कम्पनीको रजिष्टर्ड कार्यालय, गणबहाल, काठमाडौंमा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरीएको छ ।

**छलफलका प्रस्तावहरु:**

क. साधारण प्रस्तावहरु:

१. आ.व. २०७८।७९, २०७९।८०, २०८०।८१ र २०८१।०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको लेखा परिक्षण गरिएको आ.व. २०७८।७९, २०७९।८०, २०८०।८१ र २०८१।०८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
३. आ.व. २०८२।८३ का लागि लेखा परिक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने ।
४. आ.व २०७८।७९, २०७९।८०, २०८०।८१ र २०८१।०८२ को दफा ७८ सम्बन्धमा ।
५. संचालक समिति सम्बन्धमा ।

ख. विविध ।

**सञ्चालक समितिको आज्ञाले**

---

## इन्द्रध्वजको प्रतीक शनिबार नगर प्रवेश गराइने

**काठमाडौं (प्रस)**– इन्द्रजात्राका लागि इन्द्रध्वजोत्थान गर्न भक्तपुरको नाला सामुदायिक वनबाट ल्याइएको इन्द्रध्वजको प्रतीक भोटाहिटी ल्याइएको छ ।

प्रत्येक वर्ष भाद्रपद शुक्ल द्वितीयाका दिन नेपाल पञ्चांग निर्णायक विकास समितिले दिएको साइतमा वन यात्रा सुरु गरी लिंगोका लागि रुख काट्न वनमा जाने परम्परा रहेको छ । त्यसअनुसार भदौ २८ गते आइतबार बिहान ९:५३ को साइतमा गएको टोलीले नाला सामुदायिक वनबाट सल्लाको रुख काटेर भोटाहिटीमा ल्याइएको हो ।

वनमा पुगेर तरबार र खड्ग एवं रुखको पनि पूजा गरी समितिले नै दिएको साइतअनुसार भदौ २८ गते आइतबार रातिको ८:४७ बजे रुख काटेर ल्याइएको हो । रुख काट्नुअघि बोकाको बलिसहित तान्त्रिक विधिले पनि पूजा गर्ने परम्परा रहेको छ ।

भक्तपुरको चाँगुनारायण नगरपालिका-९ ताथलीस्थित नाला सामुदायिक वनबाट इन्द्रध्वजको प्रतीकका लागि रुख काटेर ल्याउने परम्परा रहेको छ । इन्द्रजात्रा र बिस्केट जात्राका लागि यही सामुदायिक वनबाट सल्लाको रुख ल्याउने गरिएको संस्थानका कर्मचारी रमेश काफ्लेले बताए ।

इन्द्रजात्राको लिंगोका लागि रुख काट्न सामुदायिक वनसँग सम्झौता गर्ने गरिएको छ । बिस्केट जात्राको लिंगो काट्नका लागि भने बोलपत्र आह्वान गर्ने गरिएको संस्थानले जनाएको छ ।

भोटाहिटीमा ल्याई राखिएको इन्द्रध्वजको प्रतीक असोज ३ गते शनिबार बिहान ०८:०५ बजेको साइतमा नगर प्रवेश गराइन्छ । इन्द्रध्वजको प्रतीकलाई भोटाहिटीबाट हनुमानढोका दरबार क्षेत्रमा लैजानुलाई नगर प्रवेश भन्ने गरिएको गुठी संस्थानका प्रशासक शैलेशराज कुँवरले जानकारी दिए ।

---

### प्रमाणपत्र हराएको सूचना

मिति २०८३/०५/०४ गते काठमाडौं जिल्ला, बालाजुदेखि कीर्तिपुरसम्म जाँदा कालिमाटी आसपासमा मेरो निम्न व्योहोरा भएको त्रिभुवन विश्वविद्यालयबाट जारी भएको स्नातक तहको सक्कली प्रोभिजनल तथा ट्रान्सक्रिप्ट सर्टिफिकेट (प्रमाणपत्र) हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : सानु घिमिरे**
**रजिस्ट्रेसन.नं.: ६-२-७-१०८८-२०००**
**रोल नं.: ७०१५९/७०३२३**
**सम्पर्क: : +६१४२४९८१९८३**

---

### बिमालेख हरायो

मिति २०८३/०४/२६ गते काठमाडौं, मनमैजुदेखि गोंगबुसम्म जाँदा मेरो निम्न व्यहोरा भएको सक्कली बीमा लेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : प्रमोद घिमिरे**
**बिमालेख नं. : ११००३११५४**
**बीमा कम्पनी : एल आई सी नेपाल लि. काठमाडौँ**
**ठेगाना : धर्मस्थली-०६, काठमाडौँ**
**सम्पर्क नं. : ९८४१८२५९२६**

---

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८३/०६/०१*

यस कम्पनीको मिति २०८३/०५/०८ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८३/०५/१५ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **अरनिको कन्स्ट्रक्सन कम्पनी प्रा.लि. (दर्ता नं. १५००१७)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **अरनिको सर्जिमेड प्रा.लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

---

### कर्मचारी नरहेको सम्बन्धी सूचना

यस **KINGFISHER OVERSEAS PVT. LTD.** (ई.प.नं. १४३५/०७४/०७५) मा कार्यरत किरण जंङ्ग महत (ना.प्र.प्र.नं.११२८३) र नवराज श्रेष्ठ (ना.प्र.प्र.नं.१२३४५८८) यहि मिति : ३१/०५/२०८३ बाट यस प्रा.लि. मा नरहेको हुनाले निजबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

श्रम ईजाजत नं. १४३५/०७४/०७५
**KINGFISHER OVERSEAS PVT.LTD**
Gairigaun 9 Tinkune, Kathmandu, Nepal, Contact no.:+977-014112437/014112160
Cell : 9822518721, Email: kingfisheroverseasnepal@gmail.com

---

### साधारण सभा सम्बन्धी दिने सूचना

**(सूचना प्रकाशित मिति २०८३/०६/०१)**

यस **प्रोटिन पावर कम्पनी लिमिटेड**का सम्पूर्ण शेयरधनी महानुभावहरूलाई देहायको मिति, समय र स्थानमा कम्पनीको वार्षिक साधारण सभा आयोजना हुने भएकाले उक्त सभामा उपस्थित भई देहायका प्रस्तावहरूमाथि छलफल तथा निर्णय गर्न अनुरोध गरिन्छ ।

**छलफल तथा निर्णयका लागि प्रस्तावहरू:**

**(क) छलफल तथा निर्णयका लागि निर्धारित प्रस्तावहरू**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन उपर छलफल गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ।व। २०८२/८३ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने।
३. आ.व. २०८३/८४ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने।
४. आ.व. २०८३/८४ को व्यावसायिक कार्ययोजना छलफल गरी पारित गर्ने।

**(ख) विशेष प्रस्ताव :**

१. कम्पनीको सञ्चालक समिति गठन गर्ने सम्बन्धमा।

**शेयरधनीहरूका लागि सूचना**

सभामा उपस्थित हुने सम्पूर्ण शेयरधनी महानुभावहरूले आफ्नो शेयर प्रमाणपत्ररशेयरधनी परिचय खुल्ने प्रमाणपत्र साथमा ल्याउनुहुन अनुरोध गरिन्छ। प्रतिनिधिमार्फत उपस्थित हुने शेयरधनीले प्रचलित कानून तथा कम्पनीको प्रबन्धपत्ररनियमावली बमोजिमको अधिकारपत्र (Proxy) पेश गर्नुपर्नेछ।

**साधारण सभा कार्यक्रम**
**मिति:** २०८३ साल असोज २२ गते बिहीबार
**समय:** दिनको २:०० बजे
**स्थान:** कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं

**प्रोटिन पावर कम्पनी लिमिटेड**
**सञ्चालक समिति**
**काठमाडौं, नेपाल**

---

### युएइमा रोजगार

कम्पनी : INFOTECH FOR EMPLOYMENT - SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति : २०८३/०५/३१ | LT. No. 347995 | चलानी नं. ६०२६११५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steel Fixture | 20 | 0 | 1600 | ६६,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | ASSISTANT /HELPER | 50 | 0 | 1400 | ५८,५२८ | | | | | | | |
| 3 | Carpenter | 15 | 0 | 1600 | ६६,८८८ | | | | | | | |
| 4 | Mason, General | 15 | 0 | 1600 | ६६,८८८ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज ८ गते (24th Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC. 1763/081/082
**R.B. WHITE AND BLUE CONSULTANTS PVT.LTD.**
Kathmandu-9, Kathmandu, Nepal, Contact: 9764857633, E-mail : rbwhiteandblueconsultantspvtlt@gmail.com

---

### साउदीमा रोजगार

कम्पनी : Maryam Attia Bin Yahya Kaabi Auto Services Establishment | सेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८३/०५/३० | LT. No. 347987 | चलानी नं. ६०२६१२१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaners | 3 | 0 | 1200 | ४९,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज ८ गते (24th Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
इं.प.नं.११४२/०७३/०७४
Srijanshil Marg, Basundhara, Kathmandu, Nepal, Contact : Ramesh Khadka 9801006239, E-mail : alkausar.hrm@gmail.com

---

### युएइमा रोजगार

कम्पनी : SHAMS AL AWEER TECH CONT

पूर्व स्वीकृति मिति : २०८३/०५/३१ | LT. No. 348020 | चलानी नं. ६०२६११९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assist Carpenter | 7 | 0 | 1500 | ६२,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Assist. Brick Mason | 9 | 0 | 1500 | ६२,७१० | | | | | | | |
| 3 | Buildin Worker/labour | 8 | 0 | 1000 | ४१,८०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज ८ गते (24th Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1284/074/75
**S.N. Recruiting Service Pvt Ltd**
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com

---

### जापानमा रोजगार

कम्पनी : i-Business Inter-Industry Business Cooperative | शहर : Fukushima Prefect
पूर्व स्वीकृत मिति: २०८३/०५/३१ | चलानी नं.: ६०२६११३६ | LT. No.: 347983

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | AGRI.WORKER | 0 | 2 | स. काममा दक्ष | 1,80,267 | १,७८,४२४।६५ | क.नि. | ८ घण्टा | ५ | क.नि. | छैन | छैन | ३ |

कम्पनी : i-Business Inter-Industry Business Cooperative | शहर : Fukushima Prefect
पूर्व स्वीकृत मिति: २०८३/०५/३१ | चलानी नं.: ६०२६११३८ | LT. No.: 347984

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL SEWING WORKER | 0 | 2 | स. काममा दक्ष | 1,81,560 | १,७९,७०४।४३ | क.नि. | ८ घण्टा | ५ | क.नि. | छैन | छैन | ३ |

कम्पनी : i-Business Inter-industry Business Cooperative | शहर : Fukushima Prefect
पूर्व स्वीकृत मिति: २०८३/०५/३१ | चलानी नं.: ६०२६११३९ | LT. No.: 347985

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL SEWING WORKER | 0 | 2 | स. काममा दक्ष | 1,81,560 | १,७९,७०४।४३ | क.नि. | ८ घण्टा | ५ | क.नि. | छैन | छैन | ३ |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निम्ति सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सुचना प्रकाशित भएको मितिले २८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : रु. १०,०००/-
**३) प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका:** अन्तर्वार्ता, **स्थान:** प्रा.लि.को कार्यालय **र अन्तर्वार्ता मिति:** पछि प्रकाशित गरिनेछ ।
**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

**नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:जापानमा रोजगार**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् । २) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । ३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् । ४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् । ५) अनिवार्य रुपमा बिमा गराउनुहोस् । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् । ७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफैं गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् । ९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**नोट: जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ । जापान सरकारले औधोगिक प्रशिक्षार्थीको रुपमा लिने, कुनैपनि कामको बारेमा अनुभवी प्रशिक्षकबाट तालिमको पनि ब्यवस्था छ । साथै औधोगिक प्रतिस्थानमा प्रयोग हुने ब्याबहारीक जापानिज भाषा अडियो तथा भिडियोको माध्यमबाट जापानिज भाषा सिकाइन्छ ।**

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ८ गते (24 Sept. 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १००००/- |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भइजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SUNLIGHT GLOBAL HUMAN RESOURCES PVT. LTD.**
Kathmandu-26, Ranibari Road, Samakhusi, Kathmandu, Nepal
Tel: +977-1-4977365 | Email: sunlightghr.info@gmail.com
Govt. Lic. No. 1845/082/083
Regd. No: 384419/82/83

किसान बहुउद्देश्यीय सहकारी संस्था लि.
KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.
केन्द्रीय कार्यालय :
लम्कीचुहा न.पा.-१, लम्की, कैलाली
फोन नं. ०९१-५४०४२६, ५४०४८६, १६६०९११७३३३
www.kisancoop.com, info@kisancoop.com

लम्कीचुहा-१, लम्की, कैलालीको

# यस संस्थाबाट लिएको कर्जा चुक्ता/नियमित गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८३/०६/०१ (प्रभाव राष्ट्रिय दैनिक)**

यस संस्थाबाट विभिन्न प्रयोजनका लागी कर्जा लिने तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले कर्जा लिदा गरि दिएको लिखित र करारनामा सम्झौतामा तोकिए बमोजिम बुझाउनु पर्ने सावाँ, ब्याज, हर्जाना, किस्ता समेतका रकमहरु नबुझाई ऋण लिदा गरेका शर्त कबुलियतको उल्लङ्घन गर्नु भएकोले बक्यौता रकम भुक्तानीका लागी संस्थाबाट मौखिक एवम् लिखित रुपमा पटक-पटक तर-ताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फर्छौट गर्ने तर्फ बेवास्ता गरि ऋण दायित्व चुक्ता गर्ने तर्फ कुनै मनशाय नदेखाउनु भएकोले यो ३५(पैतिस) दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस संस्थाको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गरी आफुले बुझाउन बाकी रहेको कर्जाको सम्पुर्ण सावाँ, ब्याज, हर्जाना ब्याज तथा अन्य दै दस्तुर रकम एकमुष्ट चुक्ता गर्न वा कर्जाको सावाँ ब्याज सहित किस्ता नियमित गर्न यदि चुक्ता गरेको भए प्रमाण पेश गर्न सम्बन्धित ऋणी तथा जमानत दातालाई कानून बमोजिम यस ३५ दिने सूचना मार्फत सुचित गरिएको छ। सो म्याद भित्र बक्यौता रहेको सम्पुर्ण रकम संस्थालाई चुक्ता भुक्तान नगरेमा प्रचलित सहकारी ऐन २०७४को दफा ७९,८०,८३, सोको नियमावली २०७५ को दफा ३०,३२,३८ ,संस्थाको विनियम,कर्जा नीति निर्देर्शिका र प्रचलित ऐन कानून बमोजिम ऋणी र यस संस्था बिच भएको लिखतको शर्त सम्झौता अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ता उपर कानुनी कारबाही चलाईने र तपाईको नाम कर्जा सूचना केन्द्रको कालो सुचिमा समावेश गरी धितो लिलाम बिक्री प्रकृया लगायत अन्य चल अचल सम्पत्तिबाट समेत तपाईले उपभोग गरेको कर्जा असुली गरिने ब्यहोरा यसै सुचनाबाट अग्रिम जानकारी गराईन्छ। कथंमकदाचित कर्जा रकम असुल उपर हुन नसके प्रचलित कानून बमोजिम अन्य कानूनीकारबाहीको प्रकृया थालनी गरिने साथै यसरी सूचना प्रकाशित गर्दा लागेको प्रशासनिक खर्च र कर्जा असुलीको क्रममा लागेको कानुनी खर्च ऋणी सदस्यको कर्जा खातामा समावेश गरिने व्यहोरा समेत सम्वन्धित ऋणी ,ऋणीका एकाघर सगोलका सदस्यहरु एवम् व्यक्तिगत जमानी दिनु हुने महानुभावहरुलाई सूचित गरिन्छ यस सूचनाबाट कसैको मान प्रतिष्ठामा आँच आएमा यस संस्थाको कुनै पनि जवाफदेहीता नरहने ब्यहोरा समेत यसै सूचनाद्धारा सूचित गराइन्छ।

## तपशिल

### ऋणी तथा जमानीको विवरण

**(क) ऋणी सदस्यको व्यक्तिगत विवरण-लम्की शाखा (१)**
**नाम : ज्ञानु देवी चौधरी**
ना.प्र.न : ६७/२१/७०/०१३३६
जारी गर्ने कार्यालय : जि.प्र.का.कैलाली
पतिको नाम : मक राम चौधरी
ससुराको नाम : चौतरी थारु
ठेगाना : लम्कीचुहा न.पा.८ कैलाली
कर्जा शिर्षक : किसान सरल कर्जा
**(क) जमानी............१**
**नाम : मकराम चौधरी**
ना.प्र.न : ६७१०२९८
जारी गर्ने कार्यालय : जि.प्र.का.कैलाली
बाबुको नाम : चौतरी थारु
बाजेको नाम : राजाराम थारु
ठेगाना : लम्कचिुहा ८ कैलाली
**(ख) जमानी............१**
**नाम : सिमा चौधरी**
ना.प्र.न : ६७२००३/४९८५१
जारी गर्ने कार्यालय : जि.प्र.का.कैलाली
पतिको नाम : बुधराम चौधरी
ससुराको नाम : वौजु डगौरा थारु
ठेगाना : लम्कचिुहा ८ कैलाली

### ऋणी तथा जमानीको विवरण

**क) ऋणी सदस्यको व्यक्तिगत विवरण- (लम्की शाखा) (२)**
**नाम : रमिला नेपाली**
ना.प्र.न : ६७३००२/१६१९
जारी गर्ने कार्यालय : जि.प्र.का. कैलाली
पतिको नाम : खुम बहादुर नेपाली
ससुराको नाम : लक्षे ढोली
ठेगाना : लम्कीचुहा न.पा.५ तिलकपुर
कर्जा शिर्षक : किसान सरल कर्जा
**(ख) जमानी............१**
**नाम : खुम बहादुर नेपाली**
ना.प्र.न : ६७३००२/१५५२
जारी गर्ने कार्यालय : जि.प्र.का. कैलाली
बाबुको नाम : लक्षे ढोली
पूर्व स्वीकृति मिति : २०८३/०५/३१ | LT. No. 348037 | चलानी नं.६०२६१२०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | packing & packaging worker | 5 | 0 | 1200 | ४९,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GREEN GARDEN CORNER TRADING STORE

पूर्व स्वीकृति मिति : २०८३/०५/३१ | LT. No. 348038 | चलानी नं.६०२६१२०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 1 | 0 | 1200 | ४९,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज ८ गते (24th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

SKY BLUE H.R. SOLUTION PVT.LTD
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65, Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

**युएइमा रोजगार** कम्पनी : GM AC L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०५/३१ | LT. No. 348009 | चलानी नं. ६०२६११६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Mason | 2 | 0 | 1600 | ६६,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Tile Layer | 2 | 0 | 1600 | ६६,८८८ | | | | | | | |
| 3 | Light Technician | 2 | 0 | 1600 | ६६,८८८ | | | | | | | |
| 4 | Central Cool Eupt. Machanic Assistant | 2 | 0 | 1400 | ५८,५२८ | | | | | | | |

कम्पनी : PAK WHEEL TECHNICAL SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०५/३१ | LT. No. 347965 | चलानी नं. ६०२६११६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Riggers | 1 | 0 | 1600 | ६६,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrical Mechanic | 3 | 0 | 1600 | ६६,८८८ | | | | | | | |
| 3 | PIPE FITTER | 1 | 0 | 1600 | ६६,८८८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज ८ गते (24th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

STUPA OVERSEAS SERVICES PVT. LTD.
New Baneshwor-34, Kathmandu, Nepal. Tel: 01- 4533418,
Jhal Nath Chamlagain (Contact No. 9707570238), E-mail: info@stupaoverseas.com, URL: www.stupaoverseas.com

**कतारमा रोजगार** कम्पनी : RANMAL CONTRACTS GROUP

पूर्व स्वीकृति मिति : २०८२/०७/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/३१ | LT. No. 333651 | चलानी नं. ६०२४७३५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Mason | 1 | 0 | 1100 | ४६,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason | 2 | 0 | 1100 | ४६,४५५ | | | | | | | |
| 3 | Brick Mason | 7 | 0 | 1100 | ४६,४५५ | | | | | | | |
| 4 | BUILDING WORKER/MASON | 2 | 0 | 1100 | ४६,४५५ | | | | | | | |
| 5 | Carpenter | 2 | 0 | 1100 | ४६,४५५ | | | | | | | |
| 6 | Electric | 5 | 0 | 1100 | ४६,४५५ | | | | | | | |
| 7 | ELECTRIC TECH | 1 | 0 | 1100 | ४६,४५५ | | | | | | | |
| 8 | MASON | 3 | 0 | 1100 | ४६,४५५ | | | | | | | |
| 9 | Mason. | 1 | 0 | 1100 | ४६,४५५ | | | | | | | |
| 10 | PAINTER | 7 | 0 | 1100 | ४६,४५५ | | | | | | | |
| 11 | Pipe Fitter | 2 | 0 | 1100 | ४६,४५५ | | | | | | | |
| 12 | PIPE FITTER | 4 | 0 | 1100 | ४६,४५५ | | | | | | | |
| 13 | Pipefitter | 1 | 0 | 1100 | ४६,४५५ | | | | | | | |
| 14 | Plaster Worker | 9 | 0 | 1100 | ४६,४५५ | | | | | | | |
| 15 | PLASTER WORKER (PLASTER MASON) | 1 | 0 | 1100 | ४६,४५५ | | | | | | | |
| 16 | PLUMBER | 1 | 0 | 1100 | ४६,४५५ | | | | | | | |
| 17 | Plumber | 2 | 0 | 1100 | ४६,४५५ | | | | | | | |
| 18 | Plumber Assistant | 1 | 0 | 1100 | ४६,४५५ | | | | | | | |
| 19 | Receptionist | 1 | 0 | 2200 | ९२,९१५ | | | | | | | |
| 20 | REINFORC FITTER | 4 | 0 | 1100 | ४६,४५५ | | | | | | | |
| 21 | Tile Maker | 3 | 0 | 1100 | ४६,४५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज ८ गते (24th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

LIC 1675/080/81
STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com




पेरिसस्थित फ्रान्सको अर्थ मन्त्रालय (बेर्सी) नजिकै आगामी सरकारी बजेट र वित्तसम्बन्धी कानुनबारे हुन लागेको राजनीतिक छलफलअघि ५३ वटा संस्थाहरूको गठबन्धनद्वारा आयोजित 'जलवायुसम्बन्धी मितव्ययिताको अन्त्य'को मागसहितको प्रदर्शनमा प्लेकार्ड बोकेर उभिएका सहभागीहरू ।

*तस्बिर: एएफपी*

# मक्कालाई लक्षित गरेको आरोपपछि साउदीको चेतावनी

**रियाद–** यमनका हुथी विद्रोहीले इस्लामको पवित्र सहर मक्कालाई लक्षित गरेको आरोप लगाउँदै साउदी नेतृत्वको गठबन्धनले पवित्रस्थलको सुरक्षालाई 'रेड लाइन' भन्दै कडा प्रतिकार गर्ने चेतावनी दिएको छ । हुथीहरूले भने मक्कातर्फ ड्रोन पठाएको साउदी दाबीलाई 'झूट' भन्दै अस्वीकार गरेका छन् ।

गठबन्धनका प्रवक्ता तुर्की अल–मलिकीले एक्समार्फत सार्वजनिक गरेको विज्ञप्तिमा दुई पवित्र मस्जिद र तीर्थयात्रीको सुरक्षा 'रेड लाइन' भएको उल्लेख गर्दै हुथीविरुद्ध आवश्यक तथा निवारक कदम चाल्न नहिचकिचाउने बताएका छन् । इस्लामिक सहयोग संगठनले पनि घटनाको निन्दा गरेको छ । इरान समर्थित हुथी र साउदी समर्थित यमनी सरकारबीच जुलाईदेखि पुनः चर्किएको द्वन्द्वले क्षेत्रीय तनाव बढाएको छ । हुथीहरूले साउदी अरेबियाविरुद्ध समुद्री नाकाबन्दी घोषणा गर्नुका साथै लाल सागरमा साउदी जहाजलाई लक्षित गर्ने बताएका छन् । गत साता उनीहरूले यमनको लाल सागर तट र बाब अल–मण्डब जलघाँटीमा आफ्नो नियन्त्रण विस्तार गरेको बताइएको छ ।

हुथी पोलिटब्युरोका हाजेम अल–असदले मक्कालाई लक्षित गरेको साउदी दाबी अस्वीकार गर्दै यस्तो आरोप पहिले पनि लगाइएको र अहिले पनि त्यो 'झूट' भएको बताए । साउदी अरेबियाले भने मंगलबार मक्का र यमनसँग सीमा जोडिएको दक्षिणी क्षेत्रमा सम्भावित आक्रमणबारे चेतावनी जारी गरेको थियो । यमनबाट भएका क्षेप्यास्त्र र ड्रोन आक्रमणमा साउदीको दक्षिणी क्षेत्रमा १३ जना घाइते भएका थिए ।

संयुक्त राष्ट्रसंघका अनुसार सेप्टेम्बरयता यमनको द्वन्द्वका कारण करिब ८२ हजार मानिस विस्थापित भएका छन् । यमनका स्थायी प्रतिनिधि अब्दुल्लाह अल–सादीले हुथीविरुद्ध अन्तर्राष्ट्रिय कारबाहीको आग्रह गरे । यसैबीच, लाल सागरमा हुथी आक्रमण बढेपछि साउदी युवराज मोहम्मद बिन सलमान र इजिप्टका राष्ट्रपति अब्देल फताह अल–सिसीले बाब अल–मण्डब र हर्मुज हुँदै समुद्री आवागमनको स्वतन्त्रता तथा सुरक्षा सुनिश्चित गर्न आह्वान गरेको छ । कतारले बाब अल–मण्डब बन्द भए त्यसको परिणाम विश्वका लागि गम्भीर हुने चेतावनी दिएको छ ।

हुथीहरूले साउदी तेल पूर्वाधारलाईसमेत लक्षित गर्दै आएका छन् । साउदी गठबन्धनले राज्यको सार्वभौमिकताको रक्षा गर्न आवश्यक सबै कदम चाल्ने जनाएको छ । हुथी सेनाका प्रवक्ता याहया सारीले पछिल्लो २४ घण्टामा साउदीले यमनमा ५२ हवाई आक्रमण गरेको र विद्यालय तथा पुललगायत नागरिक संरचना लक्षित गरेको आरोप लगाए । *रासस/एएफपी*

# समुद्रबाट चीनको 'ग्राभिटी–१' रकेट प्रक्षेपण, नौ उपग्रह अन्तरिक्षमा

**सांघाई–** चीनले बुधबार समुद्रबाट आफ्नो 'ग्राभिटी–१' वाई३ वाहक रकेट सफलतापूर्वक प्रक्षेपण गर्दै नौवटा उपग्रहलाई निर्धारित अन्तरिक्ष कक्षमा पठाएको छ । चीनको पूर्वी तटीय सहर सांघाईनजिकैको समुद्री क्षेत्रबाट गरिएको यो प्रक्षेपण व्यावसायिक अन्तरिक्ष अभियानका दृष्टिले महत्त्वपूर्ण मानिएको छ ।

चीनको ताइयुआन उपग्रह प्रक्षेपण केन्द्रले सञ्चालन गरेको उक्त अभियान स्थानीय समयअनुसार बिहान ६ बजे भएको थियो । ग्राभिटी–१ वाई३ रकेटमा छ्यानफान उपग्रह तारामण्डलका नयाँ उपग्रहहरू तथा एउटा इयुएचटी प्रविधि परीक्षण उपग्रह राखिएको थियो । प्रक्षेपणपछि सबै नौवटा उपग्रहलाई निर्धारित कक्षमा सफलतापूर्वक पुऱ्याइएको र अभियान पूर्णरूपमा सफल भएको घोषणा गरिएको छ ।



### समुद्री प्रक्षेपणमा नयाँ कीर्तिमान

रकेट निर्माण तथा विकास गर्ने चिनियाँ व्यावसायिक अन्तरिक्ष कम्पनी ओरियनस्पेसका अनुसार, यस अभियानले चीनको एकल समुद्री प्रक्षेपणसम्बन्धी दुईवटा नयाँ कीर्तिमान कायम गरेको छ । पहिलो, यसपटक रकेटले तीन टनभन्दा बढी शुद्ध पेलोड बोकेको थियो । दोस्रो, उपग्रहहरूलाई करिब ८०० किलोमिटर उचाइको कक्षमा प्रवेश गराइएको थियो ।

यसअघि भएका समुद्री प्रक्षेपणको तुलनामा बढी तौलका उपग्रह र बढी उचाइको कक्षमा पेलोड पुऱ्याउन सक्नुले चीनको समुद्री प्रक्षेपण प्रणालीले मध्यम तथा ठूलो आकारका उपग्रह बोकेर अन्तरिक्षमा पठाउन सक्ने क्षमता थप बलियो भएको देखाएको कम्पनीको भनाइ छ ।

### ग्राभिटी–१ को चौथो सफल समुद्री प्रक्षेपण

ग्राभिटी–१ रकेटले हालसम्म चारवटा समुद्री प्रक्षेपण पूरा गरिसकेको छ । कम्पनीका अनुसार यी सबै प्रक्षेपण सफल भएका छन् ।

बुधबारको अभियान भने विशेषरूपमा महत्त्वपूर्ण रहेको छ, किनभने यो ठूलो निम्न पृथ्वीकक्षीय उपग्रह इन्टरनेट तारामण्डलको सञ्जाल विस्तारका लागि ग्राभिटी–१ प्रयोग गरिएको पहिलो अभियान हो ।

निम्न पृथ्वी कक्षा भन्नाले पृथ्वीको सतहबाट तुलनात्मकरूपमा कम उचाइमा रहेको अन्तरिक्ष क्षेत्रलाई जनाउँछ । यस्तो कक्षमा रहेका धेरै उपग्रहलाई एउटै सञ्जालमा जोडेर तीव्र सञ्चार तथा इन्टरनेट सेवा उपलब्ध गराउने उद्देश्यले विभिन्न देश र कम्पनीहरूले ठूला उपग्रह तारामण्डल निर्माण गरिरहेका छन् ।

### 'छ्यानफान' उपग्रह तारामण्डलको विस्तार

यस अभियानमा पठाइएका अधिकांश उपग्रह 'छ्यानफान' उपग्रह तारामण्डलसँग सम्बन्धित छन् । यस्तो तारामण्डलमा ठूलो संख्यामा उपग्रहहरूलाई पृथ्वीको निम्न कक्षमा राखेर एकअर्कासँग समन्वय गराइन्छ ।

उपग्रहहरूको संख्या क्रमशः बढाउँदै लैजाँदा पृथ्वीका विभिन्न क्षेत्रमा सञ्चार तथा इन्टरनेट सेवा उपलब्ध गराउने क्षमता विस्तार गर्न सकिन्छ । बुधबारको प्रक्षेपणलाई यही उद्देश्यअन्तर्गतको अर्को चरणका रूपमा हेरिएको छ ।

### सांघाईमै निर्माण र सांघाईनजिकैबाट प्रक्षेपण

यस अभियानको अर्को विशेषता उपग्रह निर्माण र प्रक्षेपणबीचको भौगोलिक समन्वय हो । ओरियनस्पेसका अनुसार, यसपटक प्रक्षेपण गरिएका उपग्रहहरू सांघाईमै निर्माण गरिएका थिए । निर्माणपछि तिनलाई सांघाईनजिकैको समुद्री क्षेत्रमा लगेर त्यही क्षेत्रबाट अन्तरिक्षमा पठाइएको थियो ।

कम्पनीले यस्तो स्थल–समुद्र समन्वयले व्यावसायिक अन्तरिक्ष उद्योगको समग्र कार्यक्षमता बढाउन सक्ने जनाएको छ । उपग्रह निर्माणस्थल र प्रक्षेपणस्थलबीचको दूरी तथा ढुवानीसम्बन्धी प्रक्रियालाई व्यवस्थित गर्न सकिएमा समय र सञ्चालन लागत घटाउन सहयोग पुग्न सक्छ ।

### चीनको व्यावसायिक अन्तरिक्ष क्षेत्रमा बढ्दो गतिविधि

पछिल्ला वर्षहरूमा चीनले सरकारी अन्तरिक्ष कार्यक्रमसँगै व्यावसायिक अन्तरिक्ष क्षेत्रलाई पनि विस्तार गर्दै आएको छ । निजी तथा व्यावसायिक कम्पनीहरूले रकेट निर्माण, उपग्रह विकास, प्रक्षेपण सेवा र उपग्रह सञ्जाल निर्माणजस्ता क्षेत्रमा सक्रियता बढाएका छन् ।

समुद्रबाट रकेट प्रक्षेपण गर्ने प्रविधिले पनि यस क्षेत्रमा थप विकल्प प्रदान गर्छ । समुद्री प्रक्षेपणस्थल प्रयोग गर्दा केही अवस्थामा प्रक्षेपण मार्ग र सुरक्षा व्यवस्थापनमा थप लचकता प्राप्त गर्न सकिन्छ । बुधबारको सफल अभियानले ग्राभिटी–१ रकेटको समुद्री प्रक्षेपण क्षमता, ठूलो पेलोड बोक्ने क्षमता तथा उपग्रह तारामण्डल निर्माणका लागि यसको प्रयोगसम्बन्धी अनुभव थप विस्तार गरेको छ ।

यसरी सांघाईमै उपग्रह निर्माण गरी सांघाईनजिकैको समुद्री क्षेत्रबाट प्रक्षेपण गरिएको यो अभियान चीनको व्यावसायिक अन्तरिक्ष उद्योगमा उत्पादनदेखि प्रक्षेपणसम्मको एकीकृत प्रणाली विकास गर्ने प्रयासको उदाहरणका रूपमा देखिएको छ । *रासस/सिन्ह्वा*


**Government of Nepal**
**Ministry of Infrastructure Development**
**Department of Roads**
**Postal Highway Directorate**
Bishalnagar, Kathmandu

**Notice of Intent to Award**

*Date of publication:2083/06/01 (September 17, 2026)*

Pursuant to Clauses 27 (2), 27 (3) and 47 of Public Procurement Act 2063, this is to notify all the concerned bidders who have bided for the following works as per Invitation for Bids No. 01/082/83 and 04/082/83 published on www.bolpatra.gov.np/egp.

| SN | Contract No | Description and Location of Works | Name and Address of Bidders | Bid Amount (NRs. Including VAT and PS) | Remarks |
|---|---|---|---|---|---|
| 1 | HRP/337011284/ 2082-83/BC-03 | Construction of the RCC Bridge over Gandak Canal (Distributy Canal) Sekwana Khola (Ch: 8+700) along Narayanchowk –Tribeni Road, Nawalparasi. | M/S Pradip Construction-, Butwal-11, Devinagar . | 76646213.53 | Lowest evaluated substantially responsive bidders |
| 2 | HRP/337011284/ 2082-83/BC-04 | Construction of the RCC Bridge over Gandak Canal (Distributy Canal) Singha Khola (Ch: 6+200) along Narayanchowk –Tribeni Road, Nawalparasi. | M/S Pradip Construction-, Butwal-11, Devinagar | 72712362.27 | |
| 3 | HRP-DB/337011284/2 082-83/BC-16 | Design and Build of Bighi Bridge, Jangha Bridge Marana, Geruka Bridge, Maraha Bridge and Jangha Bridge Sarpallo along Jankpur Basbiti Balwa road , Mahottari. | M/S Bhairab Construction Company Pvt. Ltd. Nayabazar, Kathmandu. | 581779548.00 | Closest to average evaluated substantially responsive bidders. |
| 4 | HRP-DB/337011284/2 082-83/BC-18 | Design and Build of Bagkhor(Haraiya) Khola Bridge, Nepuwa Khola Bridge, Reu Khola Bridge and Sikta Khola Bridge along Kalyankot-Gobardhia-Gadhawa-Rajapur-Godhuwa-Rajpur-Gothuwa-Kumbar-Bethani Road, Dang. | M/S Bhairab Construction Company Pvt. Ltd. Nayabazar, Kathmandu. | 556479600.00 | |

***Project Director***



**ओमनमा रोजगार** कम्पनी : Pan Emirates Furniture-

पूर्व स्वीकृति मिति : २०८३/०५/३० | LT. No. 348006 | चलानी नं. ६०२६१२०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Container Loading & Unloading | 50 | 0 | 110 | ४३,८६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज १० गते (26th Sep. 2026) मा हुनेछ ।
सुनसरी,इटहरी उपमहानगरपालिका, सुनसरी मल्टिपल ट्रेनिङ सेन्टरमा मिति: २०८३ असोज ०८ गते (24th Sep. 2026) मा हुनेछ ।
झापा, बिर्तामोड नगरपालिका, झापा ट्रेनिङ सेन्टरमा मिति: २०८३ असोज ०९ गते (25th Sep. 2026) मा हुनेछ ।
रूपन्देही, बुटवल उपमहानगरपालिका, तिलोत्तमा ट्रेनिङ सेन्टरमा मिति: २०८३ असोज ११ गते (27th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदर आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74
NEPAL HR SOLUTION PVT. LTD.
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Mob : 9852651444, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com



**साउदीमा रोजगार** कम्पनी : NAS MANPOWER SOLUTIONS CO...

पूर्व स्वीकृति मिति : २०८२/०८/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/३१ | LT. No. 333524 | चलानी नं. ६०२४७६४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 18 | 0 | 1500 | ६१,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज ८ गते (24th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १९०/०५७/०५८
Nasser International Placement Services Pvt. Ltd.
Kupondole, Opposite to Kandev Temple, Kathmandu , Phone: + 977-01-4578566 | 4578866,
Anil Karki (Mobile No. 9862134075), Email: info@nasserplacement.com, Web: nasserplacement.com

**साउदीमा रोजगार** कम्पनी : ALIMDAD ALASRI TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०५/३१ | LT. No. 348021 | चलानी नं. ६०२६११७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Server | 5 | 0 | 1200 | ४९,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज ८ गते (24th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०

**युएइमा रोजगार** कम्पनी : EMPOWER EMPLOYMENT SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८३/०५/३१ | LT. No. 347954 | चलानी नं. ६०२६११६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 25 | 0 | 1000 | ४१,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MERCURY GENERAL CONTRACTING AND DECORATION - SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०५/३१ | LT. No. 347955 | चलानी नं. ६०२६११६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labourer | 8 | 0 | 1000 | ४१,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NOOR AL SAHARA INTERNATIONAL GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८३/०५/३१ | LT. No. 347956 | चलानी नं. ६०२६११६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour For Road Maintenance Work | 100 | 0 | 1000 | ४१,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | BRICK LAYER | 100 | 0 | 1500 | ६२,७०९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज ८ गते (24th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १३६६/००७४/०७५
Pigeon HR Solutions Pvt. Ltd
Kathmandu-26, Nepal, Tel: +977-01-4965022, E-mail: info@pigeonhr.com.np

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०१८०० | प्रति तोला – ० | प्रति तोला – ४६८५ |



**पाटनमा पर्यटक** | ललितपुरको पाटन दरबार क्षेत्रमा बुधबार घुमफिर गर्दै विदेशी पर्यटक। विश्व सम्पदा सूचीमा सूचीकृत पाटन दरबार क्षेत्रमा स्वदेशी तथा विदेशी पर्यटकको चहलपहल हुने गरेको छ । *तस्बिर : लोकेश धामी/रासस*

# बाढीप्रभावित आयोजनाका लागि विशेष प्याकेजको माग

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** निजी क्षेत्रले भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट क्षतिग्रस्त जलविद्युत् आयोजनाको पुनर्निर्माणका लागि विशेष कानुनी, वित्तीय, प्रशासनिक र नियामकीय प्याकेज घोषणा गर्न सरकारसँग माग गरेको छ ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) का अध्यक्ष मोहन कुमार डाँगी नेतृत्वको प्रभावित आयोजनाहरूका प्रतिनिधि समेत सहभागी प्रतिनिधि मण्डलले बुधबार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराज भक्त श्रेष्ठसँग भेट गरी 'विशेष महाप्रलय प्रभावित जलविद्युत् आयोजना' घोषणा गर्नुपर्ने लगायतका माग अघि सारेका हुन् ।

मागमा ऊर्जामन्त्रीको अध्यक्षतामा उच्चस्तरीय पुनर्निर्माण निर्देशन गठन गर्नुपर्ने, विशेष पुनर्निर्माण तथा पुनर्स्थापना कार्यविधि जारी गर्नुपर्ने र संरचनागत तथा कार्यान्वयनगत प्रणाली विकासका साथै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, विद्युत् विकास विभाग, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, नेपाल बीमा प्राधिकरण, विद्युत् नियमन आयोग, धितोपत्र बोर्ड नेपाल र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गर्नुपर्ने नीतिगत र कार्यान्वयनगत सुधार र राहत प्याकेजको प्रस्ताव गरिएको छ ।

विनाशकारी बाढीले सञ्चालनमा रहेका, निर्माणाधीन तथा निर्माणमा जाने चरणमा पुगिसकेका आयोजनाको भौगोलिक अवस्था नै परिवर्तन गरेपछि अब नयाँ आयोजना सरह नै अघि बढ्नुपर्ने हुँदा प्रवर्द्धकहरूलाई प्रोत्साहन गर्न पनि विशेष प्याकेजको घोषणा गर्नुपर्ने माग निजी क्षेत्रको रहेको इप्पान अध्यक्ष डाँगीले बताए ।



सञ्चालित तथा निर्माणाधीन आयोजना तथा तिनका पहुँचमार्ग, प्रसारण संरचना, सुरुङ, विद्युतगृहलगायत पूर्वाधारमा क्षति पुगेकाले छुट्टै पुनर्निर्माण व्यवस्था आवश्यक रहेकोले यसलाई आधार मानेर प्रस्ताव गरिएको उनले बताए । 'महाप्रलयबाट प्रभावित आयोजनाका लागि सरकारले ल्याउने विशेष प्याकेजमा समेट्नुपर्ने विषयलाई प्राथमिकतामा राखेर विशेष प्रस्ताव तयार गरेर बुझाएका छौं,' उनले भने ।

इप्पानले सरकारसमक्ष पेस गरेको प्रस्तावमा क्षतिग्रस्त आयोजनामा सामान्य अवस्थामा लागू हुने कानुनी, प्रशासनिक, वित्तीय तथा नियामकीय प्रक्रियाभन्दा फरक विशेष पुनर्निर्माण तथा पुनर्स्थापना व्यवस्था लागू गर्नुपर्ने उल्लेख छ ।

इप्पानले प्रत्येक आयोजनाको वास्तविक क्षति तत्काल मूल्याङ्कन गरी पूर्ण क्षति, गम्भीर क्षति, आंशिक क्षति, पहुँच तथा प्रसारण अवरोध र उत्पादन बन्द हुँदा भएको अप्रत्यक्ष क्षतिका रूपमा वर्गीकरण गर्नुपर्नेमा जोड दिएको छ । यसबाट कुन आयोजनालाई कस्तो राहत तथा सहुलियत आवश्यक छ भन्ने आधार तय गर्न सकिने प्रस्तावमा उल्लेख छ ।

पुनर्निर्माणलाई समन्वयात्मक ढंगले अघि बढाउन प्रधानमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय 'भोटेकोशी जलविद्युत् पुनर्निर्माण निर्देशन समिति' गठन गर्नुपर्ने माग गरिएको छ ।

समितिमा ऊर्जा, अर्थ, भूमि, वन तथा वातावरणलगायत मन्त्रालय, विद्युत् विकास विभाग, नेपाल विद्युत् प्राधिकरण, विद्युत् नियमन आयोग, नेपाल राष्ट्र बैंक, नेपाल बीमा प्राधिकरण, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, बैंक तथा वित्तीय संस्था र इप्पानका प्रतिनिधि सहभागी गराउनुपर्ने इप्पानको प्रस्ताव छ ।

त्यसैगरी, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिवको नेतृत्वमा छुट्टै पुनर्निर्माण कार्यदल गठन गर्नुपर्ने माग गरिएको छ । इप्पानले 'विशेष जलविद्युत् पुनर्निर्माण तथा पुनर्स्थापना कार्यविधि, २०८३' तत्काल जारी गर्नुपर्ने पनि प्रस्ताव गरेको छ । उक्त कार्यविधिमै आयोजना पुनर्निर्माणका लागि आवश्यक अनुमति, वातावरणीय स्वीकृति, वन क्षेत्रको प्रयोग, जग्गा प्राप्ति, प्रसारण संरचना, कर्जा पुनर्संरचना, बीमा दाबी, कर तथा भन्सार छुट, विद्युत् खरिद सम्झौता (पीपीए) र आयोजना सम्पन्न गर्ने समयावधिसम्मका विषयलाई एकीकृत गर्नुपर्ने माग छ ।

# तीन महिनादेखि सुनसान रेसुंगा विमानस्थल

■ **प्रभाव संवाददाता**

**गुल्मी–** जिल्लाको एकमात्र रेसुंगा विमानस्थलबाट गएको तीन महिनामा कुनै हवाई उडान हुन सकेको छैन । उडान अवरुद्ध हुँदा जेठ महिनाको तेस्रो सातादेखि हालसम्म विमानस्थल सुनसान बनेको छ भने हवाई सेवा ठप्प छ । प्रतिकूल मौसमको कारण देखाउँदै पटक-पटक उडान रद्द भएपछि यात्रुलाई सडक मार्गबाहेक अर्को भरपर्दो विकल्प हुन सकेको पाइन्न ।

वर्षायाममा प्रायः बाक्लो कुहिरो लाग्ने भएकाले उडान नियमित गर्न समस्या परेको रेसुंगा विमानस्थलका स्टेशन प्रमुख सुमन थापाले बताए । हवाई सेवा अवरुद्ध हुँदा वृद्धवृद्धा, बिरामी तथा अत्यावश्यक कामका लागि राजधानी आवतजावत गर्ने यात्रु बढी समस्यामा परेका छन् ।

नेपाल वायुसेवा निगमले त्यस विमानस्थलबाट शनिबार, आइतबार र बिहीबार गरी सातामा तीन दिन उडान तालिका निर्धारण गरेको थियो । तर मौसम प्रतिकूल हुँदा निर्धारित तालिकाअनुसार उडान हुन नसक्दा यात्रुले पटक-पटक टिकट रद्द गर्नुपर्ने अवस्था छ । जसका कारण यात्रुको समय र आर्थिक भार दुवै बढाएको छ ।

उक्त विमानस्थलका स्टेशन प्रमुख थापाका अनुसार मौसम खराब भएका कारण उडान सेवा अवरुद्ध बनेको हो । उनका अनुसार मौसममा सुधार आउन थालेका कारण अब चाँडै नै हवाई सेवा नियमित हुनसक्ने बताए । उक्त विमानस्थलमा नेपाल वायुसेवा निगमले १८ सिट क्षमताको ट्विनअटर जहाजमार्फत काठमाडौ-गुल्मी र गुल्मी-काठमाडौं उडान गर्दै आएको थियो ।

निगमले काठमाडौंदेखि गुल्मीका लागि रु १० हजार सात सय १० र गुल्मीदेखि-काठमाडौंका लागि रु १० हजार पाँच सय १० हवाई भाडा निर्धारण गरेको छ । हवाई सेवा सञ्चालन भएको तीन वर्षको अवधिमा जिल्लामा दुईतर्फी गरी ३७८ वटा उडान भएको थियो ।

पछिल्लो समय इन्धनको मूल्य वृद्धि भएपछि यात्रुको संख्यासमेत घट्दै गएको उनको भनाइ छ । हवाई सेवा नियमित हुन नसक्दा जिल्लाको पर्यटन प्रवर्द्धनमा समेत ठूलो असर पुग्ने नागरिक समाज गुल्मीका अध्यक्ष पदमप्रसाद पाण्डेयले बताए ।

सडकमार्गबाट गुल्मीदेखि काठमाडौं पुग्न १२ देखि १६ घण्टासम्म लाग्ने भए पनि हवाई मार्गबाट करिब ४५ देखि ५० मिनेटमै राजधानी पुग्न सकिने छ ।

## कर्पोरेट

### सिटिजन्स बैंकको लाभांश प्रस्ताव पारित




**काठमाडौं (प्रस)–** नेपाल राष्ट्र बैंकको स्वीकृति तथा बैंकको आगामी २०औं वार्षिक साधारण सभाले पारित गरेपछि लागु हुने गरी यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको लाभांश प्रस्ताव पारित गरेको छ । बैंकको ५२१औं सञ्चालक समितिको बैठकले शेयरधनी महानुभावहरूलाई आर्थिक वर्ष २०८२/८३ को मुनाफाबाट ४ प्रतिशत लाभांश प्रस्ताव गरेको छ ।

सञ्चालक समितिको बैठकले प्रस्ताव गरे अनुसार आ.व २०८२/८३ को वितरण योग्य मुनाफाबाट २०८३ आषाढ मसान्तको चुक्तापूँजी रु. १५,५०,७४,६३,६१४/- को ३.८० प्रतिशतले हुने रु ५८,९२,८३,६१७/३४ बोनस शेयर र कर प्रयोजनको लागि नगद लाभांश ०.२० प्रतिशतले हुने रु ३,१०,१४,९२७/२३ सहित जम्मा रु ६२,०२,९८,५४४/५७ लाभांश प्रस्ताव गरेको छ । उक्त प्रस्तावलाई नेपाल राष्ट्र बैंकले स्वीकृति तथा बैंकको आगामी वार्षिक साधारण सभाले पारित गरेपछि शेयरधनी महानुभावहरूलाई प्रस्तावित लाभांश वितरण गरिने कुरा बैंकले जानकारी दिएको छ । बैंकले विश्वकै प्रतिष्ठित अवार्ड बैंक अफ द ईयर २०२४ र २०२५ को उपाधि प्राप्त गरेको छ ।

### मुक्तिनाथ विकास बैंक र कर्मा रेसिडेन्सिजबीच सम्झौता



**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंक लिमिटेड र गुड कर्मा ग्रुप अफ कम्पनीबीच सम्झौता भएको छ । सम्झौताअनुसार महाराजगञ्जस्थित कर्मा रेसिडेन्सिजका आवासीय तथा अपार्टमेन्ट युनिट खरिद गर्न चाहने ग्राहकलाई सहज आवास कर्जा सुविधा उपलब्ध गराउने उद्देश्यले समझदारीपत्रमा हस्ताक्षर भएको हो ।

सम्झौतामा बैंकका प्रमुख कार्यकारी अधिकृत तारा मानन्धर र कर्मा रेसिडेन्सिजका अध्यक्ष कर्मा तेन्जिङले हस्ताक्षर गरेका छन् । सम्झौताअनुसार योग्य ग्राहकले बैंकको प्रचलित नीति तथा मापदण्डअनुसार बेस रेट ०.२५ प्रतिशत प्रिमियममै आवस कर्जा सुविधा प्राप्त गर्न सक्नेछन् । कर्जाको अधिकतम अवधि ३० वर्षसम्म रहनेछ ।

यस सहकार्यबाट कर्मा रेसिडेन्सिजका आवासीय परियोजनाका ग्राहकलाई घर तथा अपार्टमेन्ट खरिदका लागि आवश्यक वित्तीय स्रोत जुटाउन सहज हुने अपेक्षा गरिएको छ। कर्जा सुविधा ग्राहकको योग्यता, क्रेडिट मूल्याङ्कन, सम्पत्तिको मूल्याङ्कन, कानुनी तथा प्राविधिक परीक्षण र बैंकको प्रचलित नीतिअनुसार उपलब्ध हुनेछ। साथै, मुक्तिनाथ विकास बैंकले आवास, अटो, कृषि तथा एसएमईलगायत विभिन्न कर्जा सुविधा प्रतिस्पर्धी ब्याजदरमा उपलब्ध गराउँदै आएको छ ।

### नेशनल लाइफ इन्स्योरेन्स र नेपाल बैंक लिमिटेडबीच सम्झौता




**काठमाडौं (प्रस)–** नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड र नेपाल बैंक लिमिटेडबीच नेपाल बैंक लिमिटेडमा कार्यरत कर्मचारीहरूको जीवन बीमा सम्बन्धी सम्झौता सम्पन्न भएको छ । सम्झौता पत्रमा नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडका नायव प्रमुख कार्यकारी अधिकृत स्मृती राज कँडेल र नेपाल बैंक लिमिटेडका सहायक प्रमुख कार्यकारी अधिकृत दीपेन्द्रराज काफ्ले हस्ताक्षर गरेका हुन् ।

सम्झौता अनुसार नेपाल बैंक लिमिटेडमा कार्यरत कर्मचारीहरूको जीवन सुरक्षालाई लक्षित गरी जीवन बीमा सुविधा उपलब्ध गराइनेछ । कर्मचारीहरूको जीवन तथा आर्थिक सुरक्षालाई थप सुदृढ गर्ने उद्देश्यले गरिएको उक्त सम्झौताले बैंकका कर्मचारीहरूलाई बीमा मार्फत थप सुरक्षा तथा जोखिम व्यवस्थापनको सुविधा प्रदान गर्ने विश्वास गरिएको छ । सम्झौता कार्यक्रममा दुवै संस्थाका सम्बन्धित पदाधिकारी तथा अधिकारीहरूको उपस्थिति रहेको थिए। कार्यक्रममा सहभागी पदाधिकारीहरूले कर्मचारीहरूको सुरक्षा, कल्याण तथा दीर्घकालीन हितका लागि जीवन बीमाको महत्व रहेको उल्लेख गर्दै यस प्रकारको सहकार्यले संस्थागत सम्बन्धलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरे ।

नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्ना ग्राहक तथा संस्थागत साझेदारहरूको आवश्यकता र हितलाई प्राथमिकतामा राख्दै विभिन्न प्रकारका जीवन बीमा तथा जोखिम व्यवस्थापनसम्बन्धी सेवाहरू प्रदान गर्दै आएको छ ।

# २१ अंकले घट्यो नेप्से परिसूचक

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधबार दोहोरो अंकले घटेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २१ दशमलव १९ अंकले घटेर दुई हजार ६१२ दशमलव ४२ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ७७ अंकले घटेर ४६३ दशमलव ६८ मा पुगेको छ । त्यस्तै फ्लोट सूचक एक दशमलव ५० अंकले घटेर १७९ दशमलव ६३ मा पुगेको छ । त्यस्तै सेन्सेटिभ फ्लोट सूचक एक दशमलव ३२ अंकले घटेर १५६ दशमलव ५८ मा पुगेको छ ।

विभिन्न कम्पनीका एक करोड ५१ लाख एक हजार ५५५ कित्ता शेयर रु पाँच अर्ब ३८ करोड ९५ लाख ७४ हजार ६४८ मूल्यमा खरिद बिक्री भएको छ । सबै उपसमूह नकारात्मक रहेको छ । ४२ कम्पनीको शेयर बढ्यो भने २२५ कम्पनीको शेयर घट्यो । त्यसैगरी १२ कम्पनीको शेयर स्थिर रह्यो ।

नेप्सेका अनुसार नारायणी डेभलपमेन्ट बैंक, हिमाल दोलखा हाइड्रोपावर, माउन्ट एभरेष्ट पावर डेभलपमेन्टलगायत लगानीकर्ताले कमाएका छन् । त्यसैगरी एनएमबी हाइब्रिड फण्ड, रिग्वे लाइन इनर्जी, नेपाल वायरहाउस कम्पनीलगायतका लगानीकर्ताले गुमाएका छन् ।

# जुम्लाको पुँजीगत बजेट तीन अर्ब बढी

**जुम्ला–** चालु आर्थिक वर्ष २०८३/८४ का लागि संघीय सरकारले पुँजीगततर्फ रु तीन अर्ब बढी विनियोजन गरेको छ । कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रक मीनबहादुर घर्तिमगरका अनुसार संघीय सरकार मातहतका ३६ वटा कार्यालय र यहाँका आठवटा स्थानीय तहका लागि पुँजीगततर्फ रु तीन अर्ब नौ करोड ४३ लाख रहेको बताए ।

यहाँको सबैभन्दा बढी विकासे बजेट सडक डिभिजन कार्यालय र सघन सहरी तथा भवन आयोजनामा आएको छ । सडक डिभिजनमा चालु आवका लागि पुँजीगत बजेट रु एक अर्ब ८० करोड प्राप्त भएको छ ।

यसैगरी, सघन सहरी तथा भवन आयोजनामा रु एक अर्ब ३९ करोड पुँजीगत बजेट विनियोजन भएको कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रक घर्तिमगरको भनाइ छ ।

सडकमा आएको पुँजीगत बजेट कर्णाली राजमार्गलाई थप स्तरोन्नति गर्नेदेखि सडक निर्माणमा खर्च गरिने छ । अहिले ठेक्का आह्वनको काम धमाधम भइरहेको सडक डिभिजन कार्यालयका प्रमुख श्रवणकुमार महताराले बताए । सघन सहरी तथा भवन आयोजनाले जुम्लालगायत माथिल्लो कर्णालीका जिल्लामा भौतिक संरचना निर्माणमा बजेट खर्च हुने गरेको जनाएको छ ।

संघीय सरकारले गत आर्थिक वर्ष २०८२/८३ मा विनियोजन गरेको जुम्लाको कुल विकास बजेट मध्ये ५१ दशमलव ७२ प्रतिशत मात्र खर्च भएको छ । पुँजीगततर्फ रु दुई अर्ब आठ करोड २५ लाख विनियोजन गरिएकामा रु एक अर्ब सात करोड ७० लाख अर्थात् ५१ दशमलव ७२ प्रतिशत खर्च भएको छ । पुँजीगततर्फ करिब रु एक अर्ब बढी बजेट खर्च हुन नसकेर फिर्ता गएको छ । संघीय सरकारले जिल्लाको विकासका लागि विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी यहाँको सडक डिभिजन कार्यालय र सघन सहरी तथा भवन आयोजनाको बजेट धेरै 'फ्रिज' भएको प्रमुख कोष नियन्त्रक घर्तिमगरको भनाइ छ ।

सडक डिभिजन कार्यालयलाई विनियोजित पुँजीगत बजेटतर्फ रु ७९ करोड २५ लाखमध्ये रु ३३ करोड ८८ लाख अर्थात् ४२ दशमलव ६३ प्रतिशत मात्र खर्च भएको छ । कुल विनियोजित बजेटको झन्डै रु ४५ करोड खर्च हुन सकेर फिर्ता गएको छ । उक्त कार्यालयको सडक बोर्डबाट प्राप्त पुँजीगत बजेट रु ४३ करोड ५० लाखमध्ये ३९ करोड १० अर्थात् ८९ दशमलव ८८ प्रतिशत बजेट खर्च भएको थियो ।

यसैगरी, सघन सहरी तथा भवन आयोजनाको पुँजीगततर्फ विनियोजित बजेट रु ८४ करोड ८४ लाखमध्ये रु ४१ करोड १२ अर्थात् ४८ दशमलव ४९ प्रतिशत खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालयले जनाएको छ । *रासस*

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ